# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ५   सङ्ख्या : २   मिति : २०७८।३।१५**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका , २०७८ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।३।१५**

**प्रमाणीकरण मिति : २०७८।३।१५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७७।२।१७ मा स्वीकृत इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ कार्यान्वयन भइरहेको सन्दर्भमा निर्देशिकालाई थप व्यवस्थित गर्नका लागि सो निर्देशिकामा पहिलो संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८** नगर कार्यपालिकाको मिति २०७८।३।१५ को निर्णयबाट जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८** रहेको छ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा २०(२)** इलाम नगरपालिकाको आर्थिक वर्ष संघीय कानुन बमोजिम श्रावण १ देखि असार मसान्तसम्म रहेको हुनाले संघीय सार्वजनिक खरिद ऐन र प्रचलित कानुनले निर्धारण गरेको मापदण्ड कार्यान्वयन गर्दै आर्थिक वर्ष भुक्तान हुन ७ दिन अगावै भुक्तानी निकासा बन्द गर्ने साविकको व्यवस्थालाई खुला गरी नगरपालिकाको सञ्चित कोष वा अन्य कोष समेतको चालु वा पूँजीगत वा वित्तीय बजेटको सशर्त रकम समेत असार मसान्तसम्म नियमित खर्च गर्न सक्ने गरी भुक्तानी निकासा गर्न सकिनेछ।

आज्ञाले
कालीबहादुर भुजेल
प्रमुन प्रशासकीय अधिकृत